मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २२९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असार २१ गते शनिबार (Saturday, July 6. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–

**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा असार २४ गते मंगलवारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३–५४४५३८, मो. ९८४२७५७६०४)

# करोडौं कुम्ल्याउँदै भाग्दै

**बिर्तामोड, असार २०।** झापामा पछिल्लो समय विभिन्न नाममा रकम उठाएर फरार हुने क्रम बढ्दै गएको छ। १५ वटै स्थानीय तहमा विभिन्न प्रलोभन देखाएर ठगी गर्नेहरु बढ्दै गएको प्रहरीले जनाएको छ ।

विभिन्न बहानामा रकम हात पार्ने र त्यस लगत्तै कुलेलम ठक्नेहरु बढेकाले समस्या आएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता डीएसपी महेन्द्रकुमार श्रेष्ठले बताए । यो समस्या झापासहित देशभर नै बढ्दै गएको छ ।

ठगी गर्ने गिरोह विरुद्धका उजुरी प्रहरी कार्यालयमा आएपनि लेनदेनको विषय प्रहरीले नहेर्ने डीएसपी श्रेष्ठको भनाइ छ। कानूनले प्रहरीलाई लेनदेनको मुद्दा हेर्ने अधिकार नदिएको र ठगी गर्ने गिरोहले प्रमाण पनि नष्ट गर्ने भएकाले उनीहरुलाई कानूनी दायरामा ल्याउन समस्या भएको प्रहरीले जनाएको छ ।

यसैबीच केही समय अघि स्थानीय तहका न्यायिक समितिका संयोजक समेत रहेका उपप्रमुखहरुले न्यायिक समितिमा ठगीको उजुरी बढ्दै गएको र ठगी गर्ने गिरोह नै सक्रिय रहेको



बताएका थिए । विभिन्न प्रलोभनमा पार्ने र जग्गा तथा नगद रकम आफ्नो कब्जामा पारेपछि फरार हुने क्रम बढ्दै गएको प्रहरीले पनि जनाएको छ ।

केही महिनाअघि झापाको बिर्तामोड-४ का व्यवसायी अनिल अग्रवाल रिङ्कुले विभिन्न सहकारी, व्यवसायी तथा आफन्तको १० करोड रुपैयाँभन्दा बढी लिएर फरार भएका थिए। उनी विरुद्ध उजुरी परेपनि हालसम्म पक्राउ गर्न नसकेको प्रहरीले जनाएको छ। उनी भारतमा आफन्तकोमा जान्छु भन्दै गएपछि सम्पर्कबिहीन बनेको जनाइएको छ ।

यता महंगो ब्याजको लोभमा रकम दिनेहरु घरबार बिग्रिएर डिप्रेसनको शिकार बन्ने अवस्थामा पुगेको बताइएको छ। प्रहरीले मिटर ब्याजको लोभमा धेरै मानिस घरबारविहीन हुनुपर्ने अवस्थामा पुग्न लागेकाले सचेत बन्न आग्रह गरेको छ ।

प्रहरीले कसैलाई ऋण दिँदा वा लिँदा अनिवार्य रुपमा कानूनी पक्रिया पूरा गर्न सुझाव दिएको छ। समान्य चिनजानको भरमा कसैको विश्वासमा परेर आर्थिक कारोबार नगर्न र आर्थिक कारोबार गर्दा बैंकिङ्ग प्रक्रियामार्फत गर्नसमेत प्रहरीको सुझाव छ ।

मिटर ब्याजको धन्दाले आफन्त, साथीभाइ र परिवारमा समस्या आएको पछिल्ला घटनाहरुले देखाएको छ। आपसी समझदारीमा बजारमा चलेको भन्दा बढी ब्याज दिने लोभमा कागज पनि नबनाएका र बैंक/ सहकारीमार्फत नभई नगद नै बुझाएकाहरु अहिले अप्ठ्यारोमा परेका छन् । मासिक दुईदेखि पाँच प्रतिशत ब्याजदरमा सापटीको रुपमा पहिलो पक्षबाट ऋण लिने

(बाँकी अन्तिम पृष्ठमा)

# भारतको दबाबपछि विषादी नजाँचिने

**झापा, असार २०।** अन्ततः विषादी परीक्षण बिनै भारतबाट तरकारी तथा फलफूल नेपाल भित्रिन थालेको छ। भारतको चर्को दवावपछि नेपाल सरकारले विषादी परीक्षण गर्ने आफ्नै निर्णय परिवर्तन गरेको हो ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सीमा नाकामा विषादी जाँच नगर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी जाँच नगर्ने ठाडो प्रस्ताव लगेका थिए ।

मन्त्रिपरिषद्को यो निर्णयसँगै भन्सार नाकामा शुक्रबारबाटै भारतबाट नेपाल

(बाँकी अन्तिम पृष्ठमा)

**ADMISSION OPEN**

+2 IN HOTEL MANAGEMENT WITH TRAVEL & TOURISM
+
Diploma In Hotel Management (July Intake )

Contact
Springdale College For Hotel Management
(SCHM)
Birtamode, Jhapa (In front of Kankai Campus )
Ph:023-546263,9842624438

ADMISSION OPEN

**COURSES OFFERED**

10 DAYS
MAKEUP WORKSHOP
@ BIRTAMODE
From Shrawan 7th - 17th

With Nepal Idol 1st Season Makeup Artist & Senior Faculty Member of Neeldavids.

- SKIN ANALYSIS
- PRODUCTS KNOWLEDGE
- BASIC MAKEUP
- PARTY MAKEUP
- FLAWLESS MAKEUP
- RAMP MAKEUP
- AIRBRUSH MAKEUP
- BRIDAL MAKEUP & JUROS
- HALLOWN MAKEUP

THEORY & PRACTICAL CLASSES
CERTIFICATES PROVIDED !

Book Your Seat Today !



SANDEEP DANGOL

NEELDAVID'S
INTERNATIONAL SALON & ACADEMY
Hanuman Shopping Center, Birtamode
9814935482

**सुश्रुत आयुर्वेद अस्पतालमा डाक्टर आउने बारेको सूचना**

**डा. केनिन राई**

BAMS, IOM, TU जनरल आयुर्वेद फिजिसियन)

यही मिति २०७६ साल असार २१ गते शनिवारका दिन काठमाडौंबाट आउँदै हुनुहुन्छ । बिरामी वर्गले तुरुन्त सम्पर्क राख्नुहोला ।

उपचार हुने रोगहरुः
- नशा च्यापिएको, शरीर झम्झमाउने, कम्मर, घुँडा, गर्दन दुख्ने, बाथ, युरिक एसिड, प्यारालाइसिस
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, अल्सर, कब्जियत
- खोकी, दम, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, पिनास, माइग्रेन, अनिन्द्रा
- बाँझोपन, यौन दुर्वलता, शिध्र पतन आदि

सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि. बिर्तामोड
झापा बोलबम पेट्रोलपम्पसँगै (०२३–५४१३११, ९८५२६८८९८६)

# ४१ कालीगढलाई भूकम्प प्रतिरोधी तालिम

**बिर्तामोड, असार २०।** झापाका साना निर्माण ब्यवसायीहरुलाई सात दिने भूकम्प प्रतिरोधी तालिम प्रदान गरिएको छ ।

साना निर्माणकर्मी संघ झापाको आयोजनामा शुरु भएको तालिममा ४१ जनाले सहभागिता जनाएका थिए । भूकम्पका कारण जनधनको ठूलो क्षति नहोस् भन्ने उद्देश्यले कालीगढलाई तालिम प्रदान गरिएको जनाइएको छ ।

साना निर्माणकर्मी संघ झापाका अध्यक्ष राजु राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीले भूकम्प प्रतिरोधात्मक तालिम प्रदान गरेर विकास

(बाँकी अन्तिम पृष्ठमा)

**निदि माध्यमिक विद्यालय** (इन्द्रेणी क्याम्पस)

**भर्ना खुल्यो !**

कक्षा-११ को विज्ञान, व्यवस्थापन एवम् मानविकी

विशेषताहरु
१. शिक्षा क्षेत्रमा दक्षता हासिल गरेका प्रबुद्ध व्यक्तिहरुबाट सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिने ।
२. सुविधा सम्पन्न आधुनिक भवनमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाका साथै प्रत्येक कक्षाकोठामा सीसी क्यामेराको व्यवस्था भएको ।
३. सर्वसुलभ यातायात सुविधा ।
४. अनुशासित वातावरणमा पढाइ हुने ।
५. विज्ञान विषयका लागि विशेष अवलोकन भ्रमणको व्यवस्था भएको ।
६. व्यवस्थापन विषय पढ्नेका लागि औद्योगिक भ्रमणको व्यवस्था भएको ।
७. आकर्षक छात्रवृत्तिको सुविधा ।
८. छुट्टै विशेष कक्षा समेत सञ्चालन गरिने ।
९. +२ र बीबीएसमा उत्कृष्ट नतिजा ल्याउन सफल ।
१०. सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिने ।

साइन्स ब्लक टिमद्वारा सञ्चालित

प्रवेश परीक्षा :
विज्ञानका लागि असार २८ गते शनिबार १० बजे

थप जानकारीका लागि : निदि माध्यमिक विद्यालय तथा इन्द्रेणी क्याम्पस, बिर्तामोड-२, रामचोक (झापा)
फोन नं. : ०२३-५४४४१२, ५४६०४४/ मो. ९८५२६७३०८८, ९८५२६८९०००

**कोहेड (COHED) कलेजमा**

**कक्षा ११को भर्ना खुल्यो**

- विज्ञान - (कम्प्यूटर साइन्स/ वायलोजी
-व्यवस्थापन (कम्प्यूटर साइन्स, होटल मेनेजमेन्ट, विजनेश स्टडिज
-मानविकी -(मास कम्युनिकेशन, सोसियोलोजी, अंग्रेजी

फर्म वितरण धमाधम भइरहेको छ । उत्कृष्ट विद्यार्थीका लागि छात्रबृत्तिको व्यवस्था छ ।
**विज्ञान प्रवेश परीक्षा**: २०७६ असार २२ गते अइतवार विहान ८ बजे
प्रवेश परीक्षाका लागि नमूना प्रश्न–पत्र उपलब्ध गराइनेछ ।
**कार्यालय खुल्ने समय**: विहान ६:३० देखि दिउँसो ४:०० बजेसम्म

**नोटः शनिवार तथा विदाका दिन पनि कार्यालय खुला रहनेछ ।**

सम्पर्कः कोहेड(COHED) कलेज, बिर्तामोड, झापा
फोन नं. ०२३–५४२८२४, ९८४२६३४३१९/९८४२६३४३१२

**श्री लक्ष्मी मा. वि. मा**

**कक्षा ११ को भर्ना खुल्यो**

●विज्ञान तर्फ :– (कम्प्युटर साइन्स/बायोलोजी)
●व्यवस्थापन तर्फ :– कम्प्युटर साइन्स/बिजनेश स्टडिज
भर्ना फारम वितरण धमाधम भइरहेको छ।
उत्कृष्ट विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था छ।
कार्यालय खुल्ने समयः बिहान ६:३० बजेदेखि ४:०० बजेसम्म

सम्पर्क : **श्री लक्ष्मी मावि**
अर्जुनधारा–६, झापा
फोन नं. ०२३–५४२०८६, ९८५२६४२०८६, ९८४२६७३४३६

**VACANCY ANNOUNCEMENT**

| | | | |
|---|---|---|---|
| Post | : | Marketing Manager | No. of vacancy : 2 |
| Vacancy | : | For Female candidates only | |
| Qualification | : | Preference will be given to Masters Level. | |
| Salary | : | 40,000/- | |
| Note | : | Priority will be given to the experienced Candidates. | |
| License | : | Two Wheelers License Compulsory | |

Contact : **SHIVAM HOUSING PVT.LTD.**
Mega Complex 2nd Floor
Email: prasaisudip@gmail.com
Ph:- 023-541058, 9851024813

Please submit your detailed resume with a cover letter and two passport size photograph at **Shivam Housing Pvt. Ltd** Office Birtamode by Ashad 22 & 23, 2076.

**सुरुङ्गामा निःशुल्क स्वास्थ्य शिविर**

शुभम् फार्मेसी एण्ड डायग्नोष्टिक सेन्टर तथा बिराटनगर लायन्स क्लब अफ हेल्थ प्रोफेसनलको संयुक्त आयोजनामा **निःशुल्क स्वास्थ्य जाँच शिबिर**

**उपलब्ध निःशुल्क विशेषज्ञ डाक्टरहरु :**
१. वरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ (शुक्रवार २:०० बजेदेखि)
२. नाक, कान तथा घाँटीरोग विशेषज्ञ बिराटनगरबाट (शनिवार १२:०० बजेदेखि)
३. छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ (आइतबार ११:०० बजेदेखि)
४. वरिष्ठ :DGP फिजिसियन डाक्टर (आइतबार ११:०० बजेदेखि)

**ज्येष्ठ नागरिकका लागि**
निःशुल्क रगतजाँच : १. सुगर जाँच २. हेमोग्लोबिन ३. जण्डिस जाँच ४. ECG

**विशेष छुट**
१. औषधि खरिदमा १० प्रतिशत छुट
२. एक्स-रे मा ३० प्रतिशत छुट
३. भिडियो एक्स(रे मा ४० प्रतिशत
४. कोलेस्टेरोल, मिर्गौला जाँच, कलेजो जाँच, मुटु परीक्षण तथा अन्य सबै जाँचमा ३० प्रतिशत छुटको सुविधा

यो शिबिर मिति २०७६ साल असार १९ गतेदेखि २०७६ साल असार २४ गतेसम्म सञ्चालन हुनेछ ।

स्थान : **शुभम् फार्मेसी एण्ड डायग्नोष्टिक सेन्टर**
कनकाई नगरपालिका–३, सुरुङ्गा, झापा (भगवती सहकारीको अगाडि, झापारोड)
सम्पर्क : ०२३–५५०९९५/९८०६०३०००२/९८१४९६८६१०

Congratulations to all the SEE graduates

**AMITY COLLEGE**

known for **excellent NEB & TU** results with **peaceful and disciplined** academic environment to learn and grow.

*announces ADMISSION OPEN in XI*

Humanities (Arts)
Hotel Management
Computer Science
Business Studies

A M I T Y
For Those Who Want to Excel

Admissions shall be granted on **First come first served** basis

**AMITY COLLEGE**
Birtamode, Jhapa
Tel.: 023-542762, 9842629372; 023-621257
E-mail: amitycollegejhapa@gmail.com
Be Ambitious, Be At Amity

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

२०७५ सालको SEE परीक्षामा सफल सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना ।

**वाल्मीकि प्रोभिडेन्स सेकेन्डरी स्कूल बिर्तामोडको**

कक्षा ११ मा व्यवस्थापन संकाय अन्तर्गत

कम्प्यूटर साइन्स (Computer Science)
(Hotel Management)
(Travel & Tourism)
(Business Studies)

विषयमा भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराइन्छ ।
विद्यार्थी भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट वितरण भइरहेको छ ।
विस्तृत जानकारीका लागि : **BALMIKI PROVIDENCE SECONDARY SCHOOL**
BIRTAMODE -1, JHAPA
Phone No. 023-540443/540195

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स–रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड–१, झापा (०२३–५४४२६०)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

श्री कनकाई माध्यमिक विद्यालय
कनकाई नगरपालिका - ३
सुरुङ्गा, झापा

कक्षा ११ मा पठनपाठन गरिने विषयहरु:

विज्ञान (Science)
[redacted]र विज्ञान (Computer Science)
[redacted]थापन(Management)
[redacted]जी र नेपाली दुवै माध्यममा)
[redacted]की (Arts) शिक्षा(Education)
[redacted]th and physical education
[redacted]को विज्ञान विषयको प्रवेश परीक्षा निम्न मिति र समयमा हुनेछ:
[redacted]/२२ र २७ गते
[redacted]११:00 बजे देखि
[redacted]मानविकी, शिक्षा विषयहरु बिहानी सत्रमा पठनपाठन हुनेछ।)
[redacted] ०२३-५५०१२५, ९८४२६५७२९६
[redacted]९८४२६५७२४०, ९८४२६५४७६५

Email: purwanchal2052@gmail.com / purwanchal@ntc.net.np URL : purwanchaldaily.c[redacted]

## मोटरसाइकल चोर्ने १३ पक्राउ

# बम राख्ने पाँच सार्बजनिक, ४६ प्रहरी कार्वाहीमा

**बिर्तामोड, असार २०।** सुगौली सन्धिमार्फत नेपालले गुमाएको भूमि फिर्ता गरिनु पर्ने माग राख्दै झापाको कनकाई पुलमा प्रेसरकुकर बम राखेको आरोपमा पक्राउ परेका पाँच जनालाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको छ ।

इलाका प्रहरी कार्यालय अनारमनी परिसरमा जिल्ला प्रहरी कार्यालय झापाले उनीहरुलाई सार्वजनिक गरेको हो । यो सँगै मोटरसाइकल चोरीमा सम्लग्न भएको आरोपमा पक्राउ परेका पाँच जनालाई समेत प्रहरीले सार्वजनिक गरेको छ । प्रहरीले चोरिएका १९ थान मोटरसाइकल बरामद गरेको र चोरीमा सम्लग्न १३ जनालाई पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी प्रमुख, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले गोर्खा नेपाल जनमुक्ति मोर्चाको नामको पर्चासहित डेढ महिनाअघि कनकाई पुलमा प्रेसरकुकुर बम राखेको आरोपमा पक्राउ परेका पाँच र मोटरसाइकल चोरीमा सम्लग्न पाँच जनालाई एक साथ सार्वजनिक गरेका थिए ।

पत्रकार सम्मेलनमा साविक गोलधाप गाविस हाल हल्दिबारी गाउँपालिका -७ भुल्का गाउँ निवासी २७ वर्षीय दीपेश न्यौपाने, दमक नगरपालिका- १ निवासी ४२ वर्षीय खगेन्द्र भनिने सञ्जय खरेल, संखुवासभा खाँदबारी नगरपालिका -८ हिंगुवा घर भई हाल मोरङ सुन्दरहरैंचा नगरपालिका- ७ दुलारी बस्ने २१ वर्षीय कमल कोइराला भनिने लालमणि कर्णखर, सताक्षीधाम गाविस हाल शिवसताक्षी नगरपालिका-१० सैनिक निवासी ६४ वर्षीय चौहान साइँला भन्ने रामचन्द्र



बम राख्न सम्लग्नहरु



मोटरसाइकल चोरीमा संलग्नहरु

चौहान र मोरङ उर्लाबारी नगरपालिका - १ झारसादी टोल बस्ने १९ वर्षीय मनिष माझी बम राखेको आरोपमा पक्राउ परेका थिए ।

उनीहरुले २०४६ देखि अहिलेसम्मको विदेशीलाई दिएको अंगिकृत नागरिकता फिर्ता, संघीयता खारेज, भ्रष्टाचारीलाई कारबाही, निःशुल्क शिक्षा र उपचारसहितको माग राख्दै कन्काई माइको पुलमा बम राखेर जनजीवन आंतङ्कित बनाएको पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक मैनालीले बतए ।

खरेल र कोइरालालाई सुनसरीको इटहरीबाट बैशाख ३० गते पक्राउ गरिएको बताइएको छ । त्यस्तै माझीलाई जेठ २ गते झापाबाट, न्यौपानेलाई वैशाख २९ र चौहानलाई वैशाख ३० गते पक्राउ गरेको बताइएको छ ।

उनीहरू माथि गत वैशाख २९ गते बिहान कनकाई नगरपालिका -४ स्थित कनकाई नदीको पुलको डिभाइडरमा पर्चासहित प्रेसरकुकर बम राखेको आरोप छ ।

पक्राउ परेका पाँचै जनालाई विस्फोटक पदार्थ तथा सङ्गठित अपराध सम्बन्धी मुद्दा दर्ता गरेर कारबाही प्रक्रिया अघि बढाइएको प्रहरी उपरीक्षक मैनालीले जानकारी दिए ।

### ७ दिनमा १९ मोटरसाइकल बरामद

त्यसैगरी १९ थान चोरिएका मोटरसाइकल सहित प्रहरीले पाँच जनालाई शुक्रवार नै सार्बजनिक गरेको थियो । एक साताको अवधिमा झापाका विभिन्न ठाउँबाट पक्राउ परेका उनीहरुलाई प्रहरीले सार्बजनिक गरेको हो । चोरीमा सम्लग्न १३ जना भएपनि पाँच जनालाई मात्रै सार्वजनिक गरिएको प्रहरीले जनाएको छ ।

झापाको गौरादह नगरपालिका- २ निवासी १९ वर्षीय विजय चौधरी, सोही नगरपालिका ८ निवासी २२ वर्षीय रोविन राजवंशी, वाह्रदशी गाउँपालिका ७ निवासी १९ वर्षीय विनोद मुर्मू, सोही गाउँपालिका -६ का १९ वर्षीय किरण चौधरी, कमल गाउँपालिका -४ का केशव श्रेष्ठलाई प्रहरीले मोटरसाइकल चोरीको अभियोगमा पक्राउ गर्दै सार्वजनिक गरेको हो ।

त्यस्तै मोटरसाइकल चोरी आरोपमा प्रहरीले शिवसताक्षी नगरपालिका-१ का किरण भण्डारी, इलाम चुलाचुली गाउँपालिका -२ निवासी सन्त श्रेष्ठलाई समेत पक्राउ गरेको छ। उनीहरुलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखेर अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहनकुमार थापाले जानकारी दिए ।

त्यस्तै मोटरसाइकल चोरी आरोपमै शिवसताक्षी- ५ का रमेश ताजपुरिया, सोही ठाउँमा प्रेमवहादुर रिमाल, झापा गौरादह निवासी सन्त लिम्बू, प्रकाश न्यौपाने, दमक -४ निवासी वसन राई, र कमल गाउँपालिका -१ निवासी रामु दमाई पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठले जानकारी दिए । मोटरसाइकल चोरीमा सम्लग्न १३ जनालाई नै विशेष सूचनाको आधारमा एक साताकाबीच पक्राउ गरिएको बताइएको छ ।

प्रहरीले उनीहरुका साथबाट विभिन्न मितिमा चोरी भएका वुलेट सहित १९ थान मोटरसाइकल बरामद गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो । पूर्व- पश्चिम महेन्द्र राजमार्गको शहरी क्षेत्र बिर्तामोड, मेचीनगर, शिवसताक्षी, दमक, आसपासका क्षेत्रमा पछिल्लो समय मोटरसाइकल चोरीका घटना बढेका थिए । दिनप्रतिदिन मोटरसाइकल चोरी हुन थालेपछि प्रहरीले विशेष अभियान नै सञ्चालन गरेर १९ थान मोटरसाइकल सहित चोरीमा सम्लग्न गिरोह नै पक्राउ गरेको जनाएको छ ।

### प्रहरी पनि कारवाहीमा

जिल्ला प्रहरी कार्यालय झापाले शुक्रवार बिर्तामोडमा पत्रकार सम्मेलन गर्दै ४६ प्रहरीलाई कारवाही गरेको जनाएको छ। प्रहरीले आचरण विपरीत कार्य गर्ने प्रहरी नायव निरीक्षक २, प्रहरी सहायक निरीक्षक ६, प्रहरी हवल्दार १० र प्रहरी जवान २८ गरी ४६ जनालाई कारवाही गरेको जनाइएको छ। उनीहरुलाई नसिहत, सख्त चेतावनी, ग्रेड रोक्का, तलववृद्धि रोक्का, पदोन्नति रोक्का र ९ जनालाई नोकरीबाटै हटाइएको प्रहरी उपरीक्षक मैनालीले जानकारी दिए ।

आर्थिक वर्ष २०७५/०७६ को प्रहरीले गरेका काम कारवाहीको विवरण प्रस्तुत गर्दै प्रहरी उपरीक्षक मैनालीले नियम विपरीत कार्य गर्ने प्रहरी पनि कारवाहीमा परेको बताए । उनले राम्रो काम गर्ने एक सय एक जना प्रहरीलाई पुरस्कृत गरिएको समेत जानकारी दिए ।

## मानव अधिकारमा स्थानीय तहको भूमिका

**सुरुङ्गा, असार २०।** राष्ट्रिय मानव अधिकार प्रतिष्ठान झापा शाखाको आयोजनामा सुरुङ्गामा मानव अधिकार र विकासमा स्थानीय तहको भूमिका विषयक एक दिने अभिमुखीकरण सम्पन्न भएको छ। राष्ट्रिय मानव अधिकार आयोग, १ नं. प्रदेश, विराटनगरको सहकार्य तथा कनकाई नगरपालिकाको सहयोगमा सो कार्यक्रम सम्पन्न भएको हो ।

राष्ट्रिय मानव अधिकार आयोग, १ नं. प्रदेश प्रमुख मोहनदेव जोशी र राष्ट्रिय मानव अधिकार प्रतिष्ठानका पूर्व केन्द्रीय अध्यक्ष आनन्द आचार्यले सहजीकरण गरेको कार्यक्रममा कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्य रहेको थियो ।

प्रमुख अतिथि पोखरेलले जनताको मानव अधिकार संरक्षण गर्ने सवालमा जनप्रतिनिधिहरु सचेत रहेको र जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न कनकाई नगरपालिका योजनाबद्ध रुपमा अघि बढेको बताए । उनले भने -यस्ता महत्वपूर्ण कार्यक्रमले जनप्रतिनिधिहरुलाई मानव अधिकारको संरक्षण गर्न निक्कै सहयोग गर्ने छ ।

प्रतिष्ठानका अध्यक्ष डा. नवीन चापागाईका सभापतित्व तथा सचिव नवीन योगीले सञ्चालन गरेको कार्यक्रममा कार्यक्रम संयोजक तथा प्रतिष्ठानका उपाध्यक्ष गोपीकृष्ण भट्टराईले कार्यक्रमको औचित्यमाथि प्रकाश परेका थिए ।

कार्यक्रममा मानव अधिकार प्रतिष्ठानका केन्द्रीय सदस्य सुमित्रा प्रसाई लगायतले मन्तव्य राखेका थिए ।


**श्री सेवारो बचत तथा ऋण सहकारी संस्था लि.को**

**सूचना ! सूचना !! सूचना !!!**

यस सहकारी संस्था लि. का सञ्चालक समितिको मिति २०७६ साल असार १९ गते विहीवार बसेको आकस्मिक बैठकको निर्णय अनुसार हाम्रो यस संस्थाका सदस्यज्यूहरुलाई यही असार २५ गतेभित्र ऋणको साँवा र व्याज रकम बुझाउन सूचना प्रकाशन गरिने साथै उक्त समय भित्र संस्थाले प्राप्त गर्नु पर्ने साँवा र ब्याज रकम प्राप्त नभए २६ गते विहीवारका दिन ऋणी सदस्यज्यूहरुको फोटो सहितको नामावली यसै पत्रिकाको अगाडि पट्टि प्रकाशन गरिने निर्णय भएको जानकारीका लागि अनुरोध छ ।

श्री सेवारो बचत तथा ऋण सहकारी संस्था लि.
शिवसताक्षी न.पा. ११ दूधे, झापा

व्यवस्थापक
सुजनकुमार राई
९८१६९०६५४९


### भारतको....

भित्रिने तरकारी र फलफूल जाँच नगरी नेपाल पठाउन निर्देशन जारी गरेको भन्सार विभागका एक उच्च अधिकारीले बताएका हुन ।

सीमा नाकामा फलफूल तथा तरकारीको विषादी जाँच गरेरमात्रै नेपाल ल्याउने यसअघिको निर्णयप्रति भारतीय पक्षले असन्तुष्टि जनाउँदै उक्त निर्णय फिर्ता गर्न चर्को दवाव दिँदै आएको थियो ।

भारतीय दूतावासले नेपालका सरकारी अधिकारीलाई विषादी परीक्षण नगर्न दिएको दबाबपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको हो ।

'हाम्रो राष्ट्रवाद कस्तो हो भन्ने यसैबाट बुझिन्छ । यो भन्दा अरु के भन्न सकिन्छ र !' व्याङ्ग्यात्मक शैलीमा एक मन्त्रीले भने- 'जतिसुकै ठूला र चर्का कुरा गरेपनि भारतको दबाब थेग्न मुस्किल रहेछ ।'

भारतबाट आउने तरकारी तथा फलफूलमा अत्यधिक मात्रामा विषादी प्रयोग हुने गरेको पाइएपछि गत जेठ १० गतेको मन्त्रिपरिषद् बैठकले भारतलगायत तेस्रो मुलुकबाट आउने तरकारी र फलफूल परीक्षण गर्ने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा असार २ गतेदेखि भारतबाट नेपाल आउने तरकारी र फलफूलको विषादी परीक्षण शुरु भएको थियो ।

विषादीका कारण क्यान्सर तथा अन्य दीर्घ रोगीको संख्या बढेको छ । सरकारले आफ्नो निर्णयबाट पछि हटेर नेपाली नागरिकको स्वास्थ्यमाथि खेलवाड गरेको उपभोक्ता अधिकारवादीले आरोप लगाएका छन् । विषादी प्रयोगको विरोध गर्दै अर्ग्यानिक उत्पादनलाई सार्वजनिक कार्यक्रममार्फत जोड दिँदै आएका अभियन्ता नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारी भारतबाट नेपाल भित्रिने फलफूल तथा तरकारी अत्यधिक विषादियुक्त हुने बताउँछन् । भण्डारीका अनुसार भारतमा तीन किसिमले तरकारी उत्पादन गरिन्छ- पहिलो आफूले खान विषादी प्रयोग नगरेको, दोस्रो स्थानीय बजारमा पठाउने कम विषादी प्रयोग गरेको र तेस्रो नेपाल पठाउने अत्यधिक विषादि प्रयोग भएको ।

झापा, मोरङ, सुनसरी लगायत पूर्वका जिल्लामा तरकारी तथा फलफूलको अधिकांश हिस्सा भारतीय उत्पादनले ओगटेको छ। राजधानीको कालीमाटी बजारमा विक्रीका लागि राखिएका तरकारी तथा फलफूल ४० प्रतिशत भारतबाटै आउँछ। बाँकी ६० प्रतिशत बजार स्थानीय उत्पादनले ओगटेको छ।

भन्सार विभागका अनुसार चालू आर्थिक वर्षको ११ महिनामा २६ अर्ब ४६ कोड ७५ लाख रूपैयाँ बराबरको तरकारी र १७ अर्ब ३ करोड ९६ लाखको फलफूल आयात भएको छ। नेपालबाट यही अवधिमा १ अर्ब २२ करोड ९९ लाख बराबरको मात्र तरकारी तथा फलफूल निर्यात भएको तथ्यांक छ।

### करोडौं....

मध्यस्थकर्ताको भूमिका खेल्नेले तेस्रो व्यक्तिलाई ऋण दिँदा अग्रीम बीस प्रतिशत रकम कटौती गरिदिने र हरेक महिना पूरै साँवा रकमको दशदेखि २३ प्रतिशतसम्म ब्याज असुली गर्ने गरेको बताइएको छ।

बैंक, वित्तीय संस्था र सहकारीले भन्दा बढी ब्याज दिने र पाउने प्रलोभनमा परेर धेरैजसो महिलाहरु रकम डुबाउन पुगेका छन्। विदेशबाट आएको विप्रेषण, ढुकुटी बुझेर आएको रकम र बैंकमा घरजग्गा धितो राखेर निकालिएको रकम मिटर ब्याजमा लगाउने गरिएको पाइएको छ। बिर्तामोडमा लाखौं रुपैयाँ कुम्ल्याएर फरार भएको घटना सेलाउन नपाउँदै सप्तरीको दौलतपुर स्थायी ठेगाना भई हाल भद्रपुर -१० धनुषमोड नजिकै बस्दै आएका ४५ वर्षीय राजकुमार राउत करोडौं रकम लिएर बेपत्ता भएका छन्। राउत असार १३ गते शुक्रबार दिउँसो देखि सम्पर्कविहीन भएको पारिवारिक श्रोतले जनाएको छ।

उनले झापाको विर्तामोड, भद्रपुर, चन्द्रगढी, गौरादह, उदयपुरको गाईघाट लगायतका स्थानबाट विभिन्न व्यक्ति, सुन व्यवसायी, यातायात व्यवसायी, सटही काउन्टर सञ्चालक, उद्योगी व्यापारी ,छिमेकी आफन्तजनबाट करिब ५ करोडभन्दा माथि रकम लिएर वेपत्ता भएको आरोप छ।

उनले एकदेखि २७ लाख रुपैयाँसम्म रकम सापटी लिएको देखिएको छ। प्रायजसो जग्गाको कारोबार गर्दैछु, रकम अपुग भयो भन्दै रकम लिने र केही दिनपछि व्याज थपेर दिने गरेकोले लगानी गरेको लगानीकर्ताको भनाइ छ। उनले कसैबाट सुनको कारोबार गर्दैछु भनेर रकम लिएका बताइएको छ। एकै घरका परिवारले राउतसँग छुट्टाछुट्टै कारोबार गरेको समेत पाइएको छ। हालसम्म राउतलाइ रकम दिने २३ जना देखिएका प्रहरीले जनाएको छ।

अहिले दैनिक राउतको घरमा मानिसहरु आउन थालेका छन्। उनका बुवाआमा सप्तरीमा छन्। २०६७ साल देखि राउत परिवार चन्दगढीमा स्थायी बसोबास गर्दै थिए। राउत वेपत्ता भएपछि तीनदिन अघि मङ्गलबार ९ जना लगानीकर्ताले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको बताइएको छ।

रकम लिएर फरार हुनेको संख्या बढेकाले धेरै परिवारमा आर्थिक समस्या आएको र पारिवारिक कलह बढ्दै गएको

### ४१...

र समृद्धिको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको बताए। उनले आधुनिक प्रविधि युक्त भवनहरु निर्माण गर्दा कसरी भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने विषयमा कालीगढलाई सीप प्रदान गरेको भन्दै प्रशंसा गरे।

कार्यक्रममा पिरामिड टेक्निकल इन्स्टिच्युट प्रालिका समिर खड्काले कालीगढलाई भूकम्प प्रतिरोधको विषयमा विभिन्न ज्ञान, सिप प्रदान गर्ने गरेको बताए। पिरामिड टेक्निकल इन्स्टिच्युट प्रालि इटहरीको प्राविधिक सहयोगमा सात दिनसम्म तालिम प्रदान गरिएको बताइएको छ।

तालिममा इञ्जिनियर तेजबहादुर शाही लगायतले प्रशिक्षण प्रदान गरेको थिए। तालिम समापनको अवसर पारेर शुक्रबार ३५ जना कालीगढको जेनरल इन्स्योरेन्समा सामुहिक बिमा गरिएको छ। साना निर्माणकर्मी संघका सल्लाहकार कृष्ण भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव श्याम बस्नेतले गरेका थिए।


**FAMILY CLINIC**
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist)
MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB
निःसन्तान दम्पतिको लागि राम्रो खबर छ
आल्ट्रा मॉडर्न टेस्ट ट्यूव बेबी केन्द्र



.आई.भी.एफ. - IVF
इक.सी. - ICS
आई.यू.आई. - IUI
सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राख्ने ।
METROHEIGHT, 3RDFLOOR, DONBOSCOMORE, SEVOKEROAD, SILIGURI-734001
PH. 0353-2545544, MOB. 9800983790, QUERY: 8372801570, WWW.FAMILYCLINICSILIGURI.COM
माँ हनुर को सपना अब सफल हुनछ ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**विदुर इङलिस बोर्डिङ हाइ स्कूल भद्रपुरमा**
**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

यस श्री विदुर इङलिस बोर्डिङ हाइ स्कूल भद्रपुर- ८ झापाबाट शैक्षिक सत्र २०७५ सालको एस.ई.ई परीक्षामा सामेल २९ जना विद्यार्थी उत्कृष्ट नतिजाका साथ उत्तीर्ण भएकाले हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगति शुभकामना व्यक्त गर्दछौं ।

साथै शैक्षिक सत्र २०७६ सालका लागि यस विद्यालयमा व्यवस्थापन र कम्प्युटर विज्ञान बिषयका लागि कक्षा ११ मा भर्ना खुलेको सम्पूर्ण अभिभावक वर्गमा जानकारी गराइन्छ।

*भर्ना फारम धमाधम वितरण भइरहेको छ*

हाम्रा विशेषताहरु :
- शान्त तथा स्वच्छ वातावरण ।
- प्रयोगात्मक कक्षाहरुको व्यवस्था ।
- यातायातको सुविधा ।
- अनुभवी र बिषयगत शिक्षकहरुबाट अध्यापन ।
- पुस्तकालय, चमेना गृह, पार्किङ्को सुविधा र फराकिला कक्षा कोठाहरु ।
- अध्ययन र अध्यापनमा उच्च प्राथमिकता दिइने ।

राजन भट्टराई : अध्यक्ष | सम्पर्क : ९८१५०१०५९९ | मनिदेवी भट्टराई : प्रिन्सिपल

**मोहनमाया माध्यमिक विद्यालय**
बिर्तामोड -२, चारपाने
कक्षा ११ को विज्ञान तथा व्यवस्थापन संकायमा
**भर्ना खुल्यो - भर्ना खुल्यो**
विज्ञान संकायको प्रवेश परीक्षा २०७६।०३।२१ गते शनिवार विहान ८:०० बजेबाट हुनेछ

*हाम्रा विशेषताहरू :*
- दक्ष तथा अनुभवी शिक्षकबाट अध्यापन गराइने ।
- सुविधा सम्पन्न विज्ञान तथा कम्प्युटर प्रयोगशालाको ब्यवस्था भएको
- अनुशासित वातावरणमा पढाइ हुने ।
- स्मार्टबोर्ड र प्रोजेक्टरसहितको सुविधासम्पन्न कक्षा कोठामा अध्यापन गराइने ।
- आकर्षक छात्रवृतिको सुविधा ।
- विज्ञान तथा ब्यवस्थापन संकायको छुट्टाछुट्टै विज्ञान तथा औद्योगिक भ्रमण गराइने ।
- विशेष कक्षा समेत सञ्चालन गरिने ।
- साथै CTEVT द्वारा सम्बन्धन प्राप्त यस विद्यालयमा Diploma in Civil Engineering (३ बर्षे) प्राविधिक कोर्षको पढाइ भइरहेको ।

नोट :- Diploma in Civil Engineering को प्रवेश परीक्षा फारम चाँडै नै खुल्ला गरिने जानकारी गराइन्छ ।

*कक्षा ११ को फारम वितरण २०७६/०३/०२ देखि २०७६/०३/१९ गतेसम्म खुल्ला गरिएको छ ।*

थप जानकारीको लागि :- मोहनमाया माध्यमिक विद्यालय
फोन : ०२३-५४३६५२, ९८४२७१४३५५, ९८४२७०४७३४, ९८०३४७०१६०

**चाहियो**
बिर्तामोड मुक्तिचोकदेखि शनिश्चरेरोड टाटा शो-रुमसम्म खाली जग्गा वा सटरसहितको घर भाडामा चाहियो
सम्पर्क :-
९८५२६७७२१३
९८२४०५५५००




GLOBAL PEACE
Int'l Education Academy Pvt.Ltd.
Shanischare Road, Birtamod, Jhapa
Tel : 023-546214 | 9815078744

**कञ्चनजङ्गा अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोडको**
**कक्षा ११ को नयाँ भर्ना सम्बन्धी सूचना**

२०७५ सालको SEE परीक्षामा सफल हुने सम्पूर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्दै बिगतदेखि नै आदरणीय अभिभावकज्यूहरु र विद्यार्थीहरुको पहिलो रोजाई बन्दै र यहाँहरुको विश्वासलाई सम्मान गर्दै आएको यस कञ्चनजङ्गा अंग्रेजी माविमा यस वर्ष पनि कक्षा ११ मा भर्ना खुला गरिएको व्यहोरा अनुरोध छ ।

विज्ञान तथा व्यवस्थापन (Science & Management) समूहका लागि यस क्षेत्रमा नै छुट्टै छाप छोड्न सफल यस विद्यालयले यी विषयहरु पढ्ने विद्यार्थीलाई चाहिने सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने सबै पक्षहरुको उचित व्यवस्था मिलाएको छ । शैक्षिक गुणस्तरलाई अरुमाथि उठाउन प्रेरणा प्रदान गर्ने अभिभावक र विद्यार्थीहरुको माग अनुसार यस वर्षदेखि नयाँ-नयाँ थप रुटहरुमा समेत स्कूल बस सेवा प्रदान गरिने भएकोले समयमा नै सम्पर्कका लागि हार्दिक अनुरोध छ ।

विज्ञान समूहका भर्ना आवेदन फारमहरु र नमूना प्रश्नहरु धमाधम वितरण भइरहेका छन् । प्रवेश परीक्षा अगावै फर्म भरी नमूना प्रश्न लैजानका लागि सूचित गरिन्छ । प्रत्येक दिन विहान ६ बजेदेखि अपरान्ह ६ बजेसम्म कार्यालय खुल्ला हुनेछ ।

विज्ञान समूहको प्रवेश परीक्षा Entrance Test यही २०७६ असार २१ गते शनिवार विहान १० बजेलाई राखिएको छ ।

थप सम्पर्कका लागि मो. : ९८५२६७३८७६/०२३-५४२२८७

गुरुभक्त न्यौपाने - प्रिन्सिपल
कञ्चनजङ्गा अंग्रेजी मावि
बिर्तामोड -४, कञ्चनजङ्गा टोल, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np